## प्रश्न नं. ६४

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ७६८६ देखि ७८०७ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

रामबहादुर महतको जाहेरीले नेपाल सरकार

बिरुद्ध

गोरखा जिल्ला, आँपपिपल, गाउँपालिका वडा नं. ७ बस्ने मानबहादुर महत

मुद्दाः-ज्यान सम्वन्धी कसूर

१. मिति २०७५।८।६ गतेका दिन मेरो भाइ मानबहादुर महतले आमा वर्ष ७० की मीनकुमारी महतसँग दूध दही खान मागेकोमा निज आमाले तेरो बच्चालाई चाहिन्छ भनी नदिएपछि निजले रिसको झोकमा तरबारले आमालाई प्रहार गरी ढलाई घाँटीमा रेटी शरीरबाट टाउको छुट्याई कर्तव्य गरी मारेको हुँदा आवश्यक कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको रामबहादुर महतको जाहेरी दरखास्त ।

२. मानबहादुर महतको घरको भूईंतल्लाको भँयाङ्गो कुनामा मृतक मीनकुमारी महतको टाउको नभएको शरीर रहेको, उक्त स्थानको आसपासमा रगत जमेको, सोही घरको बीच तल्लाको मकैको कुनियो नजिक मृतकको टाउको र तरबार रहेको, तरबार प्रहरीले बरामद गरी लिएको भन्ने घटनास्थल प्रकृति मुचुल्का ।

३. प्रतिवादी मानबहादुर महतलाई आफ्नै घरमा फेला पारी निजले लगाएको टिसर्ट र पाइन्टमा रगत लागेकाले निजलाई पक्राउ गरी उक्त कपडा बरामद गरिएको भन्नेसमेत व्यहोराको बरामदी मुचुल्का ।

४. घाँटीमा धारिलो हतियारले काटिई टाउकोको भाग छुट्टिई मृत्यु भएको भन्नेसमेत व्यहोराको मृतक मीनकुमारी महतको शव परीक्षण प्रतिवेदन ।

५. घरको काम गरी थकावट भै प्यास लागेकोले आमा मीनकुमारी महतसँग दूध दही खान माग्दा छैन, तेरो बच्चालाई चाहिन्छ भनी नदिएकाले रिस उठी घरको सिरान तल्लामा गई तरबार निकाली धानको भकारीमा हान्न लाग्दा आमा आई यसो किन गरेको भनी गाली गरेकाले सोही तरबारले आमाको खुट्टामा हानें । आमा ढलेपछि सोही तरबारले आमाको घाँटीमा हानी रेटी टाउकोको भाग छुट्याई टाउको बीच तल्लामा र शरीर भूई तलामा झारी दिएको हुँ । उक्त तरबार रिसले काठको थाममा हान्दा भाँचिन गई चार टुक्रा भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी मानबहादुर महतले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान ।

६. बुझिएका विष्णुकुमार श्रेष्ठ, नेत्रबहादुर ढकाल, रामजी बस्नेत, रामबहादुर बस्नेतसमेतले गरिदिएको एकै मिलानको कागज ।

७. प्रतिवादी मानबहादुर महतले आमा मीनकुमारी महतसँग दूध दही खान मागेको र नदिएपछि रिसले घरमा रहेको धानको भकारीमा हानी रहेको अवस्थामा किन यसो गरेको भन्दा सोही तरबारले आमालाई प्रहार गरी

**प्रश्न नं. ६४**

आमा ढलेपछि घाँटीमा तरबारले हानी रेटी कर्तव्य गरी मारेको पुष्टि हुन आएकोले निज प्रतिवादी मानबहादुर महतलाई मुलुकी अपराध संहिताको ज्यान सम्बन्धी कसुरको दफा १७७ को विपरीत ऐ दफा १७९ बमोजिम सजाय हुन माग दावी लिई पेश भएको अभियोग पत्र ।

८. मान मानबहादुर महतले अदालतमा गरेको इन्कारी बयान ।

९. जाहेरवाला, मौकामा कागज गर्ने व्यक्तिहरु तथा प्रतिवादीको साक्षी बकपत्र

१०. गोरखा जिल्ला अदालतको फैसला